नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

## नयाँबानेश्वर, काठमाडौं

## संचार सहकारी सङ्घसंस्थाहरूलाई कार्यक्रम सञ्चालन प्रस्ताव पेस गर्ने बारेको सूचना

यस विभागको आ.व. ०७६।०७७ को स्वीकृत कार्यक्रम अनुसार एकीकृत संचार अभियान संचालन गर्न **कार्यक्रम अनुदान** प्राप्त गर्न चाहने संचार सहकारी संघसंस्थाहरूले **सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३** को अधीनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र विभागमा आइपुग्ने गरी प्रयोजन र लागत अनुमान खुलाई कार्यक्रम प्रस्ताव पेस गर्नुहुन निर्देशिकाको दफा १० बमोजिम प्रस्ताव माग गरिएको छ ।

**(क) कार्यक्रम अनुदानको प्रयोजन**

कार्यक्रम सञ्चालन प्रस्ताव पेस गर्दा देहायका प्रयोजनमा हुनपर्नेछ :

१. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ अन्तर्गत सहकारी सङ्घसंस्थाहरूले पालना गर्नुपर्ने व्यवस्थाहरूका सम्बन्धी जानकारीमूलक कार्यक्रम,

२. सहकारी सङ्घसंस्थाहरूको उत्पादनको गुणस्तर प्रवर्धनका साथै उत्पादित वस्तु खरिद, उपभोग्य वस्तु बिक्री, स्वरोजगारी सिर्जनालगायतका व्यावसायिक क्रियाकलाप प्रवर्द्धन गर्ने सम्बन्धी कार्यक्रम,

३. सहकारी सिद्धान्त, मूल्य, मान्यताहरूको प्रचलनलाई बढवा दिन सिद्धान्त परीक्षण (Principle Audit) तथा सदस्य केन्द्रीयता सम्बन्धी कार्यक्रम उत्पादन प्रशारण एवं बहसका कार्यक्रम,

४. सहकारी सङ्घसंस्थामा सदस्यको लोकतान्त्रिक नियन्त्रण एव सुशासन कायम गर्ने प्रस्तावहरू र

५. एकीकृत सूचना, शिक्षा र सञ्चार अभियानमा सञ्चार सङ्घसंस्थाले स्थानीय रूपमा सहकारीको वैचारिक बहसको संयोजन, स्थानीय सहकारी गतिविधिहरूको प्रक्षेपण, सहकारी चेतनामूलक सन्देश प्रसारण तथा अन्य पुरक कार्यक्रम ।

**(ख) प्रस्ताव तथा कागजातको विवरण**

देहायबमोजिम प्रस्ताव तथा कागजात पेस गर्नुपर्नेछ :

१. आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची ९ को ढाँचामा प्रस्तावित वार्षिक कार्यक्रम तर्जुमा गरी सोको औचित्य पुष्टि हुने देहायका विवरणसहितको विस्तृत प्रस्ताव :

ख) सहकारी सुशासनमा आउने सुधार,

घ) कार्यक्रम सञ्चालनमा लागत साझेदारी,

च) कार्यक्रमको दिगोपन,

२. सङ्घसंस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि;

३. स्वीकृत विनियमको प्रतिलिपि;

४. पछिल्लो साधारणसभाको उपस्थिति र निर्णय, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, स्वीकृत वार्षिक लेखापरीक्षण प्रतिवेदन एवं लेखा समितिको वार्षिक प्रतिवेदन;

५. हालको सञ्चालक तथा लेखा समितिको निर्वाचन भएको वार्षिक साधारण सभाको उपस्थिति र निर्णय;

६. पछिल्लो वर्षको कर चुक्ताको प्रमाणपत्र;

७. कार्यक्रम सञ्चालनको लागत अनुमान,

८. बहस प्रसारण वा अन्तर्क्रिया प्रकाशन तालिका वा अङ्क

CS Scanned with CamScanner

९. सन्देश, कार्यक्रम प्रसारण वा प्रकाशन तालिका वा अङ्क

१०. गतिविधि प्रसारण वा प्रकाशन तालिका वा अङ्क

११. विभागले सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ ले निर्देशित गरेको विधिलाई नै बजेट निकासा दिंदा अवलम्बन गर्ने,

१२. आर्थिक वर्ष २०७५।७६ मा यस विभागबाट अनुदान प्राप्त गरिसकेका सङ्घहरूको हकमा प्राप्त अनुदानको उपलब्धिसमेत देखिने गरी तयार गरिएको वार्षिक प्रतिवेदन ।

(घ) देहायको अवस्थामा सहकारी सङ्घसंस्थाले कार्यक्रम सन्चालन अनुदान प्राप्त गर्न नसक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ :

१. समयमै वार्षिक साधारण सभा सम्पन्न नगरेको;

२. सञ्चालक समिति र लेखा समितिको नियमित रूपमा निर्वाचन नगरेको;

३. नियमित रूपमा वार्षिक लेखापरीक्षण नगराएको;

४. लेखा समितिको वार्षिक प्रतिवेदन पेस नभएको;

५. यसअघि प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको;

६. कर चुक्ता प्रमाणपत्र नभएको,

७. संस्था दर्ता भएको कम्तिमा दुई वर्ष पुरा नभएको ।

(ङ) प्रस्तावसाथ सम्बन्धित संचार सहकारी सङ्घसंस्थाले आफ्नो तर्फबाट बेहोर्ने आन्तरिक स्रोत तथा बाह्य लगानीको स्पष्ट आधार पेस गर्नुपर्नेछ ।

(च) नेपाल सरकारको सम्बन्धित निकाय वा अन्य निकायहरूबाट प्रस्तावित कार्यक्रम सञ्चालनका लागि प्राप्त भएको वा हुने आर्थिक, प्राविधिक वा भौतिक सहयोग वा उपयुक्तताको सिफारिस भए सोको विवरणका साथै तत्सम्बन्धी कागजात दरखास्तसाथ संलग्न गर्नुपर्नेछ ।

CS Scanned with CamScanner